**सुदूरपश्चिम विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**पेशागत बिएड कार्यक्रम**

पाठ्यांश शीर्षक : **नेपाली भाषा पाठ्यकम, योजना तथा मूल्याङ्कन** पाठ्यांश प्रकृति : सैद्धान्तिक

पाठ्यांश संख्या : नेपा.शि.४२४ पाठ्यघण्टा : ३

पाठ्यांश प्रकृति : सैद्धान्तिक जम्मा पाठ्यघण्टा : ४८

तह :पेशागत स्नातक (एक बर्से, शिक्षा)

सत्र : द्वितीय

---

## १. पाठयांश परिचय

यो पाठ्यांश नेपाली भाषा पाठ्यकम, पाठ्यपुस्तक तथा शिक्षण योजना र भाषिक मूल्याङ्कनसँग सम्बन्धित पाठ्यवस्तुको आधारभूत ज्ञान तथा प्रयोगपरक सुझ विकास गर्ने उद्देश्यले तयार पारिएको हो । यस पाठ्यांशमा नेपाली भाषा पाठ्यकम तथा पाठ्यपुस्तक सम्बन्धी अवधारणा तथा विकास प्रक्रिया, भाषा शिक्षणसँग सम्बन्धित विविध योजनाहरु, भाषिक मूल्याङ्कन सम्बन्धी अवधारणा, प्रक्रिया तथा मूल्याङ्कनको प्रकृति र प्रक्रियासँग सम्बन्धित विषयवस्तुहरु समावेश गरिएका छन् । यस पाठ्यांशबाट शिक्षार्थीहरुमा भाषा पाठ्यकम, पाठ्यसामग्री तथा भाषिक मूल्याङ्कन सम्बन्धी सैद्धान्तिक अवधारणा, समीक्षण एवम् प्रयोगपरक सुझको विकास हुने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशका साधारण उद्देश्यहरु निम्नानुसार हुनेछन् :

- भाषा पाठ्यक्रमको अवधारणा, विकास, निर्माण र समीक्षणका बारेमा सुझबुझ प्रदान गर्ने
- भाषा पाठ्यवस्तु छनोट र स्तरणको अवधारणा बताउन सक्षम बनाउने
- भाषा पाठ्यपुस्तकको अवधारणा, निर्माण प्रक्रियाबारे जानकारी प्रदान गर्ने तथा नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण क्षमता वृद्धि गर्ने
- भाषा शिक्षण सिकाइका लागि वार्षिक, एकाइ तथा पाठयोजनाबारे सुझबुझ सहित प्रयोगपरक सिप हासिल गराउने
- भाषिक मूल्याङ्कनको अवधारणा, प्रकिया तथा यसको स्वरूपबारे परिचित बनाउने ।

## ३. विशिष्ट उद्देश्य तथा पाठ्य विषय

| विशिष्ट उद्देश्य | पाठ्य विषय |
|---|---|
| • भाषा पाठ्यकमको अवधारणा प्रस्तुत गर्न<br>• पाठ्यकम, पाठ्यसूची र पाठ्यांशको चिनारी दिन<br>• भाषा पाठ्यकमका प्रमुख स्तम्भहरुको परिचय दिन<br>• भाषा पाठ्यकमका विशेषताहरु उल्लेख गर्न<br>• पाठ्यकम निर्माणका चरणगत प्रकियाका रूपमा आवश्यकता विश्लेषण, लक्ष्य र उद्देश्य निर्धारण, पाठ्यवस्तुको निर्धारण र प्रस्तुति, शिक्षण प्रकिया, मूल्याङ्कन प्रकिया, पाठ्यकम परिमार्जन प्रकियाबारे बताउन<br>• पद्धतिनिष्ठताको आधारमा संरचनात्मक र सम्प्रेषणात्मक पाठ्यकमलाई चिनाउन<br>• प्रबन्धनिष्ठताको आधारमा रेखीय र चक्रीय पाठ्यकम | **एकाइ एक : भाषा पाठ्यकमको अध्ययन (८)**<br>१.१ भाषा पाठ्यकमको अवधारणा<br>(क) पाठ्यकम, पाठ्यसूची र पाठ्यांश<br>(ख) भाषा पाठ्यकमका प्रमुख स्तम्भहरु<br>(ग) भाषा पाठ्यकमका विशेषता<br>१.२ पाठ्यकम निर्माणका चरणगत प्रकिया<br>(क) आवश्यकता विश्लेषण<br>(ख) लक्ष्य र उद्देश्य निर्धारण<br>(ग) पाठ्यवस्तुको निर्धारण र प्रस्तुति<br>(घ) शिक्षण प्रकिया<br>(ङ) मूल्याङ्कन प्रकिया<br>(च) पाठ्यकम परिमार्जन प्रकिया |

| | |
|---|---|
| तथा एकीकृत र पृथकीकृत पाठ्यक्रमलाई चिनाउन<br>● प्रयोजनपरकताको आधारमा सामान्य पाठ्यक्रम र विशिष्ट/विशेष पाठ्यक्रमबारे बताउन | १.३ भाषा पाठ्यक्रमका प्रकार<br>(क) पद्धतिनिष्ठताको आधार<br>- संरचनात्मक पाठ्यक्रम<br>- सम्प्रेषणात्मक पाठ्यक्रम<br>(ख) प्रबन्धनिष्ठताको आधार<br>- रेखीय र चक्रीय पाठ्यक्रम<br>- एकीकृत र पृथकीकृत पाठ्यक्रम<br>(ग) प्रयोजनपरकताको आधार<br>- सामान्य पाठ्यक्रम<br>- विशिष्ट/विशेष पाठ्यक्रम |
| ● भाषा पाठ्यवस्तु छनोटको अवधारणा स्पष्ट पार्न<br>● पाठ्यवस्तु छनोटका प्रभावकहरुका बारेमा बताउन<br>● पाठ्यवस्तु छनोटमा भाषिक सिपगत सचेतता दर्साउन<br>● भाषा पाठ्यवस्तु स्तरणको अवधारणा प्रस्तुत गर्न<br>● पाठ्यक्रम स्तरणका रूपमा रेखीय र चक्रीय स्तरणका अवधारणा उपयोग गर्न<br>● प्रकार्यात्मक र सम्प्रेषणात्मक स्तरणका अवधारणा उपयोग गर्न<br>● खास कक्षाका लागि पाठ्यवस्तु छनोट र स्तरणको अभ्यास र प्रस्तुति गर्न | **एकाइ दुई : भाषा पाठ्यवस्तुको छनोट र स्तरण (६)**<br>२.१ भाषा पाठ्यवस्तु छनोटको अवधारणा<br>(क) पाठ्यवस्तु छनोटका प्रभावकहरु<br>(ख) पाठ्यवस्तु छनोटमा भाषिक सिपगत सचेतता<br>२.२ भाषा पाठ्यवस्तु स्तरणको अवधारणा<br>(क) रेखीय र चक्रीय स्तरण<br>(ख) प्रकार्यात्मक र सम्प्रेषणात्मक स्तरण<br>२.३ खास कक्षाका लागि पाठ्यवस्तु छनोट र स्तरणको अभ्यास |
| ● नेपाली भाषा पाठ्यक्रमको विकास प्रक्रियाका रूपमा विसं. २०२८ पूर्व, २०२८ को नेपाली भाषा पाठ्यक्रमका प्रमुख मान्यता तथा विशेषताहरु प्रस्तुत गर्न<br>● विद्यालय तहका वर्तमान नेपाली भाषा पाठ्यक्रमका प्रमुख पक्षहरुको विवेचन गर्न<br>● विद्यालय तहका खास कक्षाका भाषा पाठ्यक्रमहरुको समीक्षा प्रस्तुत गर्न<br>● खास कक्षामा आधारित रही नेपाली भाषा पाठ्यक्रम योजना तथा निर्माण गर्न | **एकाइ तिन : नेपाली भाषा पाठ्यक्रम विकास, समीक्षण र निर्माणको अभ्यास (८)**<br>३.१ विसं. २०२८ पूर्व र विसं. २०२८ को नेपाली भाषा पाठ्यक्रम<br>३.२ वर्तमान नेपाली भाषा पाठ्यक्रमको अध्ययन तथा समीक्षण<br>(क) आधारभूत तहको नेपाली शिक्षा पाठ्यक्रम<br>(ख) माध्यमिक नेपाली शिक्षा पाठ्यक्रम<br>३.३ खास कक्षाको भाषा पाठ्यक्रम निर्माण योजना तथा निर्माण सम्बन्धी अभ्यास |
| ● भाषा पाठ्यपुस्तकको अवधारणा बताउन<br>● भाषा पाठ्यपुस्तक र अन्य विषयका पाठ्यपुस्तकमा भिन्नता देखाउन<br>● नेपाली भाषा पाठ्यपुस्तक विकासमा विसं. २०२८ पूर्व, २०२८ को नेपाली भाषा पाठ्यपुस्तकका विशेषता उल्लेख गर्न<br>● भाषा पाठ्यपुस्तक निर्माण योजना प्रस्तुत गर्न<br>● भाषा पाठ्यपुस्तक निर्माण तथा समीक्षणका आन्तरिक | **एकाइ चार : नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन (१०)**<br>४.१ भाषा पाठ्यपुस्तकको अवधारणा<br>४.२ भाषा पाठ्यपुस्तक र अन्य विषयका पाठ्यपुस्तकमा भिन्नता<br>४.३ विसं. २०२८ पूर्व र विसं. २०२८ को नेपाली भाषा पाठ्यपुस्तकका विशेषता<br>४.४ भाषा पाठ्यपुस्तक निर्माण योजना<br>४.५ भाषा पाठ्यपुस्तक निर्माण तथा समीक्षणका |

| | |
|---|---|
| र बाह्य आधारको परिचय दिन<br>● आधारभूत र माध्यमिक तहका समकालीन नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्न<br>● खास कक्षाका लागि नेपाली भाषा पाठ्यपुस्तक निर्माण योजना तथा निर्माण गर्न | आधारहरु (आन्तरिक र बाह्य)<br>४.६ वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषण<br>(क) आधारभूत तहका नेपाली भाषा पाठ्यपुस्तक<br>(ख) माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तक<br>४.७ खास कक्षाको नेपाली भाषा पाठ्यपुस्तक निर्माण योजना तथा निर्माण सम्बन्धी अभ्यास |
| ● भाषा शिक्षणमा अध्यापन योजनाको आवश्यकता र प्रयोजन बताउन<br>● वार्षिक कार्ययोजनाको परिचयसहित यसका प्रमुख अवयव तथा ढाँचा निर्माण गर्न<br>● एकाइ योजनाको परिचय, यसका अवयव तथा ढाँचा निर्माण गर्न<br>● पाठ योजनाको परिचय दिई यसका अवयवहरू तथा ढाँचा निर्माण गर्न<br>● खास कक्षाका लागि कार्ययोजना, एकाइ योजना र पाठयोजना निर्माण गर्न | **एकाइ पाँच : नेपाली भाषा शिक्षण योजना (६)**<br>५.१ भाषा शिक्षणमा अध्यापन योजनाको आवश्यकता र प्रयोजन<br>५.२ वार्षिक कार्ययोजना : परिचय, अवयव तथा ढाँचा निर्माण<br>५.३ एकाइ योजना : परिचय, अवयव तथा ढाँचा निर्माण<br>५.४ पाठ योजना : परिचय, अवयव तथा ढाँचा निर्माण<br>५.५ खास कक्षाको कार्ययोजना, एकाइ योजना र पाठयोजना निर्माणको अभ्यास |
| ● भाषिक सिप परीक्षण र भाषातत्व परीक्षणको अवधारणागत भिन्नता बताउन<br>● भाषिक मूल्याङ्कन प्रक्रियाका रूपमा एकीकृत र पृथकीकृत परीक्षणको अवधारणा बताउन<br>● भाषिक मूल्याङ्कन प्रक्रियाका रूपमा निर्माणात्मक र निर्णयात्मक परीक्षणको अवधारणा प्रस्तुत गर्न<br>● भाषिक मूल्याङ्कन प्रक्रियाका रूपमा पहिचानात्मक र उत्पादनात्मक परीक्षणका भिन्नता देखाउन<br>● विषयगत र वस्तुगत परीक्षणका विशेषता र सीमा प्रस्तुत गर्न<br>● सैद्धान्तिक र प्रयोगात्मक परीक्षणको अवधारणा प्रस्तुत गर्न<br>● विशिष्टीकरण तालिकाको परिचय दिन, उपलब्ध तालिकाका विशेषता बताउन र नमुना निर्माण गर्न<br>● विद्यालय तहमा भाषिक मूल्याङ्कनका प्रचलित युक्तिहरुको जानकारी दिन<br>● विभिन्न प्रकारका भाषिक प्रश्नका प्रकारको चिनारी दिन र निर्माण गर्न<br>● विद्यालय तहमा प्रचलित प्रयोगात्मक परीक्षणको योजना, त्यसको कार्यान्वयन बारे जानकारी दिन र प्रचलित मान्यतामा आधारित रही परीक्षा सञ्चालन गर्न | **एकाइ छ : भाषिक मूल्याङ्कन (१०)**<br>६.१ भाषिक मूल्याङ्कनको अवधारणा<br>(क) भाषिक सिप परीक्षण र भाषातत्व परीक्षणको अवधारणागत भिन्नता<br>६.२ भाषिक मूल्याङ्कन प्रक्रिया<br>(क) एकीकृत र पृथकीकृत परीक्षण<br>(ख) निर्माणात्मक र निर्णयात्मक परीक्षण<br>(ग) पहिचानात्मक र उत्पादनात्मक परीक्षण<br>(घ) विषयगत र वस्तुगत परीक्षण<br>(ङ) सैद्धान्तिक र प्रयोगात्मक परीक्षण<br>६.३ विशिष्टीकरण तालिका<br>६.४ विद्यालय तहमा भाषिक मूल्याङ्कनका प्रचलित युक्ति<br>६.५ भाषिक प्रश्नका प्रकार र निर्माणको अभ्यास<br>६.६ विद्यालय तहमा प्रचलित प्रयोगात्मक परीक्षणको योजना र त्यसको कार्यान्वयन सम्बन्धी अभ्यास |

## ४. शिक्षण प्रकिया

प्रत्येक एकाइको शिक्षणमा आवश्यकता अनुसार साधारण र विशिष्ट शिक्षण प्रविधिको उपयोग गरिने छ। यस पाठ्यांशको शिक्षण गर्न शिक्षकले प्रयोग गर्ने तौरतरिकालाई साधारण शिक्षण प्रक्रिया, अनि विद्यार्थी कार्यकलापमा आधारित शिक्षण प्रक्रियालाई विशिष्ट शिक्षण प्रकिया अन्तर्गत राखिएको छ।

### ४.१ साधारण शिक्षण प्रकिया

हरेक एकाइको प्रकृति अनुरूप व्याख्या, छलफल, प्रश्नोत्तर, स्लाइड प्रस्तुति, कक्षा प्रस्तुति आदिको उपयोग गरिने छ। शिक्षणका क्रममा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, सहायक पुस्तक, विषयवस्तु टिपोटपत्र, चित्र, तालिका र आरेखहरुको उपयोग गरिने छ।

### ४.२ विशिष्ट शिक्षण प्रकिया

| एकाइ | कार्यकलाप |
|---|---|
| १ | • समूह विभाजन गरी पाठ्यक्रम, पाठ्यसूची र पाठ्यांशबारे टिपोट र प्रस्तुति गर्न लगाउने |
| २ | • विभिन्न समयका नेपाली भाषा पाठ्यक्रम दिएर व्यक्तिगत रूपमा तिनको समीक्षण गरी कक्षा प्रस्तुति गर्न लगाउने<br>• समूह कार्यका रूपमा नेपाली भाषा पाठ्यक्रमका विकासमा आएका परिवर्तनबारे कक्षामा छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउने |
| ३ | • समूह विभाजन गरी पाठ्यवस्तु छनोट र स्तरण शीर्षकमा सामग्री तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>• समूह कार्यका रूपमा विद्यालयको कुनै खास कक्षाका लागि विषयवस्तु तोकी तिनको रेखीय र चक्रीय स्तरणको ढाँचा निर्माण र प्रस्तुत गर्न लगाउने |
| ४ | • समूह कार्यका रूपमा विभिन्न समय र कक्षाका नेपाली भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषण गरी प्रतिवेदनका ढाँचामा सामग्री तयार गरी कक्षामा प्रस्तुत गराउने |
| ५ | • खास कक्षाका पाठ्यक्रममा आधारित रही विशिष्टीकरण तालिका निर्माण गर्न लगाउने<br>• निर्धारित ढाँचामा वार्षिक कार्ययोजना, एकाइ योजना र पाठ योजना निर्माण र कक्षा प्रस्तुति गर्न लगाउने |
| ६ | • समूह कार्यका रूपमा अनलाइन स्रोतको समेत उपयोग गरी विभिन्न प्रकारका प्रश्नहरु निर्माण र नमुना प्रस्तुत गर्न लगाउने, परीक्षा सञ्चालनको अभ्यास गराउने<br>• खास पाठ्यक्रममा आधारित विशिष्टीकरण तालिका निर्माण र कक्षामा प्रस्तुत गर्न लगाउने। |

## ५. मूल्याङ्कन प्रक्रिया

शिक्षण सिकाइका क्रममा पाठ्यवस्तुको प्रकृति अनुसार लिखित तथा मौखिक प्रस्तुति, व्यक्तिगत तथा सामूहिक कार्य, परियोजना कार्य आदिबाट मूल्याङ्कन गर्न सकिने छ। यस प्रकारको मूल्याङ्कन विद्यार्थीहरुलाई पृष्ठपोषण प्रदान गर्न उपयोग गरिने छ। यस पाठ्यांशको अन्तिम मूल्याङ्कन सुदूरपश्चिम विश्वविद्यालयबाट निर्धारित सत्रान्त परीक्षा प्रणाली अनुसार लिखित परीक्षाका माध्यमबाट गरिने छ। तसर्थ मूल्याङ्कन प्रकिया (क) आन्तरिक मूल्याङ्कन (ख) बाह्य मूल्याङ्कन गरी दुई किसिमको हुने छ।

### (क) आन्तरिक मूल्याङ्कन

यस पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत अङ्कभार छुट्याइएको छ। निम्नानुसारका आधारहरू अपनाई प्रायोगिक तबरबाट विषय शिक्षकले आन्तरिक मूल्याङ्कन गर्नुपर्ने छ :

| | |
|---|---|
| उपस्थिति | - ५ अङ्क |
| शिक्षण सिकाइमा सहभागिता | - ५ अङ्क |
| पहिलो आन्तरिक परीक्षा | - १० अङ्क |
| दोस्रो आन्तरिक परीक्षा | - १० अङ्क |
| तेस्रो आन्तरिक परीक्षा | - १० अङ्क |

पहिलो आन्तरिक परीक्षाका लागि विषय शिक्षकले व्यक्तिगत कार्यका रूपमा विषयवस्तु समीक्षा, पुनरावलोकन आदिका साथै खास शीर्षकमा आधारित अध्ययन पत्र तयारी, परियोजनामूलक कार्य, एकाइ परीक्षा, ज्ञान/प्रतिभा परीक्षण आदि गराउन सक्ने छन् ।

दोस्रो आन्तरिक परीक्षाका लागि विषय शिक्षकले व्यक्तिगत वा सामूहिक रूपमा परियोजना कार्य, अवस्था/घटना अध्ययन, गोष्ठीपत्र लेखन र प्रस्तुति, क्षेत्रकार्य र त्यसको प्रस्तुति, प्रतिवेदन लेखन, अध्ययनपत्र लेखन, सामग्रीको समीक्षा वा पुनरावलोकन, अभिलेखीकरण आदि गराउन सक्ने छन् ।

तेस्रो आन्तरिक परीक्षाका लागि विषय शिक्षकको सक्रियतामा ३० पूर्णाङ्कको आन्तरिक सुधार परीक्षा लिई त्यसलाई १० अङ्कमा रूपान्तर गरेर अभिलेख राखिने छ ।

**(ख) बाह्य मूल्याङ्कन**

यस पाठ्यक्रममा बाह्य मूल्याङ्कनका लागि ६०% अङ्कभार छुट्याइएको छ । उक्त मूल्याङ्कनका लागि सत्रान्तमा परीक्षा लिइने छ । सत्रान्त परीक्षामा सोधिने प्रश्नको प्रकृति, प्रश्नको ढाँचा र त्यसको अङ्कभार निम्नानुसार निर्धारण गरिएको छ :

| प्रश्नको प्रकृति | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|
| समूह 'क' : बहुवैकल्पिक प्रश्न | १० | १०×१ | १० अङ्क |
| समूह 'ख' : छोटा उत्तरात्मक प्रश्न | २ विकल्पसहित ६ प्रश्न | ६×५ | ३० अङ्क |
| समूह 'ग' : लामो उत्तरात्मक प्रश्न | १ विकल्पसहित २ प्रश्न | २×१० | २० अङ्क |

## ६. उपस्थिति र कक्षा सहभागिता

(क) सेमेस्टर प्रणालीमा ८० प्रतिशत उपस्थिति आवश्यक हुने छ ।

८० प्रतिशतसम्म उपस्थिति हुने विद्यार्थीलाई ३ अङ्क र ९० सम्मलाई ४ अङ्क र सोभन्दा माथि उपस्थित हुने विद्यार्थीलाई ५ अङ्क प्रदान गरिने छ ।

(ख) विषय शिक्षकले कक्षाका विद्यार्थीको कक्षा कार्यकलापको मूल्याङ्कन गरी कक्षा सहभागिताको अङ्क प्रदान गर्ने छन् ।

## ७. सिफारिस गरिएका पुस्तक तथा सन्दर्भ सामग्रीहरु

अधिकारी, हेमाङ्ग राज, (२०६७), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति* (पाचौं संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०६५), *नेपाली भाषा शिक्षण* (छैटौं संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०७४), *सामाजिक र प्रायोगिक भाषा विज्ञान* (छैटौं संस्क.), रत्न पुस्तक भण्डार ।

घिमिरे, दिनेश (२०८१), *सैद्धान्तिक आलोकमा विद्यालयीय नेपाली भाषा पाठ्यपुस्तक,* सनलाइट पब्लिकेसन ।

नेपाल सरकार (विभिन्न समयका), *आधारभूत तथा माध्यमिक शिक्षा नेपाली विषयका भाषा पाठ्यक्रमहरु,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

नेपाल सरकार (विभिन्न समयका), *विद्यालय तहका विभिन्न कक्षाका नेपाली पाठ्यपुस्तकहरु,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

पोखरेल, केशव राज र काफ्ले, उमेश (२०७४), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण* पद्धति, क्याम्ब्रिज पब्लिकेसन ।

पौडेल, माधव प्रसाद (२०७२), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७४), *नेपाली भाषा शिक्षणका सन्दर्भहरु,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०४३), *नेपालमा शिक्षाको इतिहास,* हेम कुमारी शर्मा ।

शर्मा, गोपीनाथ (सन् १९८०), *स्कुल करिकुलम इन नेपाल,* हेम कुमारी शर्मा ।

श्रेष्ठ, चन्द्रबहादुर र रंजितकार, किरणराम (२०७६), *पाठ्यक्रम र मूल्याङ्कन,* भुँडीपराण प्रकाशन ।

Alderson, J. C., Clapham, C., & Wall, D. (2010). *Language Test Construction and Evaluation.* Cambridge.

Green A. (2014). *Expressing language Assessment and Testing*, Routledge.

Harmer (2003). *The Practice of English Language Teaching*. Longman.

Hughes, A. (2020). *Testing for language teachers*. Cambridge university press.

Litz, R. A. D. (2002). *Textbook Evaluation and ELT Management: A South Korean case study.* Asian EFL Journal, 5-53.

Nation, I.S.P. & Macalister, J. (2010). *Language Curriculum Design*. Routledge.

Khaniya, T.R. (2013). *Examination for enhanced learning*, Educational and developmental service centre Pvt. Ltd.

Rastogi, K. G., Sharma, G. D., Anand, V. S., Sharma, I. S., Singh, N., & Seth, I. (1970). *Preparation and Evaluation of Textbooks in Mother Tongue: Principles and procedures.* National Council of Educational Research & Training (NCERT).

Richards, J.C. (2001). *Curriculum Development in Language Teaching.* Cambridge.

Richards, J.C., & Farrell, T.S.C. (2011). *Practice Teaching: A reflective Approach.* Cambridge.

Schunk, D. H. (2011). *Learning Theories: An educational perspective* (5th ed.). Dorling Kindersley India Pvt.Ltd.

**सुदूरपश्चिम विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**पेशागत बिएड कार्यक्रम**

पाठ्यांश शीर्षक : **नेपाली भाषा शिक्षण** पाठ्यांश प्रकृति : सैद्धान्तिक
पाठ्यांश संख्या : नेपा.शि.४२५ पाठ्यघण्टा : ३
तह :पेशागत स्नातक (शिक्षा) जम्मा पाठ्यघण्टा : ४८
सत्र : द्वितीय

## १. पाठयांश परिचय

यो पाठ्यांश नेपाली भाषा शिक्षणसँग सम्बन्धित पाठ्यवस्तुको आधारभूत ज्ञान तथा प्रयोगपरक सुझ विकास गर्ने उद्देश्यले तयार पारिएको हो । यस पाठ्यांशमा भाषा शिक्षण सिकाइको अवधारणा, पहिलो र दोस्रो भाषा सिकाइ, एकभाषिकता र द्विभाषिकता/बहुभाषिकता, कक्षाको समाजभाषिक स्थिति, भाषा शिक्षणका प्रमुख सिद्धान्त तथा विधि पद्धतिहरु, भाषिक सिप शिक्षण, शैक्षिक सामग्री निर्माण र प्रयोगका साथै कार्यमूलक र रचनामुखी व्याकरणका अवधारणासँग सम्बन्धित विषयवस्तुहरु समावेश गरिएका छन् । यसबाट शिक्षार्थीहरुमा भाषा शिक्षणका क्षेत्रका विविध दृष्टिकोण, भाषा शिक्षणका प्रमुख सिद्धान्त तथा शिक्षण पद्धति सम्बन्धी सैद्धान्तिक अवधारणा एवम् प्रयोगपरक सुझको विकास हुने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशका साधारण उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- नेपाली भाषा शिक्षणको अवधारणा र भाषा सिकाइको प्रकृतिबारे सुझबुझको विकास गराउने
- भाषा शिक्षणका प्रमुख सिद्धान्त, पद्धति र विधिहरुको अवधारणा र शिक्षणमा तिनको उपयोगको आकलन गर्न सक्षम तुल्याउने
- भाषिक सिप विकासका विविध पक्ष, शिक्षण प्रक्रिया, शैक्षिक सामग्रीबारे ज्ञान र प्रयोगपरक सुझ विकास गराउने
- व्याकरण शिक्षणमा नवीन अवधारणाका रूपमा कार्यमूलक र रचनामुखी व्याकरणका अवधारणाहरुको कमेत उपयोग गर्न सक्षम बनाउने ।

## ३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| **विशिष्ट उद्देश्य** | **पाठ्यविषय** |
|---|---|
| • पहिलो भाषा प्राप्ति/अर्जन प्रक्रिया र दोस्रो भाषा सिकाइ/आर्जन प्रक्रियाको अवधारणा बताउन<br>• बालभाषाको सिकाइ प्रक्रियाका प्रमुख विशेषताको वर्णन गर्न<br>• एकभाषिकता, द्विभाषिकता/बहुभाषिकताको परिचय दिन<br>• नेपाली कक्षाको समाज भाषिक स्थितिबारे जानकारी दिन र नेपाली शिक्षणमा त्यसको प्रभावबारे बताउन<br>• भाषा शिक्षणका सामान्य सिद्धान्तहरुको चिनारी दिन | **एकाइ एक : भाषा शिक्षण सिकाइको अवधारणा** (१०)<br>१.१ पहिलो भाषा प्राप्ति/अर्जन प्रक्रिया र दोस्रो भाषा सिकाइ/आर्जन प्रक्रिया<br>१.२ बालभाषाको सिकाइ प्रक्रिया<br>१.३ एकभाषिकता, द्विभाषिकता/बहुभाषिकता<br>१.४ कक्षाको समाज भाषिक स्थिति र नेपाली शिक्षण<br>१.५ भाषा शिक्षणका सामान्य सिद्धान्त |
| • नेपाली भाषा शिक्षणको परम्परागत दृष्टिकोण प्रस्तुत गर्न<br>• नेपाली भाषा शिक्षणमा सुधारका प्रयासहरु बताउन<br>• नेपाली भाषा शिक्षणको वर्तमान स्थितिको आकलन गर्न | **एकाइ दुई : नेपाली भाषा शिक्षणको विकास (५)**<br>२.१ नेपाली भाषा शिक्षणको परम्परागत दृष्टिकोण<br>२.२ नेपाली भाषा शिक्षणमा सुधारका प्रयास<br>२.३ नेपाली भाषा शिक्षणको वर्तमान स्थिति |
| • भाषा शिक्षणका सन्दर्भमा निगमनात्मक/प्रस्तावित पद्धतिको परिचय दिन | **एकाइ तिन : भाषा शिक्षणका पद्धति (५)**<br>३.१ निगमनात्मक तथा प्रस्तावित पद्धति |

| | |
|---|---|
| • भाषा शिक्षणका सन्दर्भमा आगमनात्मक/ वर्णनात्मक पद्धतिको परिचय दिन<br>• भाषा शिक्षणका सन्दर्भमा उत्पादनात्मक पद्धतिको चिनारी दिन<br>• भाषा शिक्षणका सन्दर्भमा श्रुतिभाषिक पद्धतिका अवधारणाहरु बताउन<br>• भाषा शिक्षणका सन्दर्भमा सम्प्रेषणात्मक पद्धतिका विशेषताहरु चिनाउन | ३.२ आगमनात्मक तथा वर्णनात्मक पद्धति<br>३.३ उत्पादनात्मक पद्धति<br>३.४ श्रुतिभाषिक पद्धति<br>३.५ सम्प्रेषणात्मक पद्धति |
| • सुनाइ र बोलाइ सिप शिक्षण र यिनका विविध कार्यकलापहरु बताउन<br>• उच्चारण, सस्वर पठन, मौन पठन, पठन बोध, द्रुत पठन शिक्षण र यिनका कार्यकलापहरुको वर्णन गर्न<br>• लेखन शिक्षण र यसका आभ्यासिक, स्वतन्त्र र सिर्जनात्मक कार्यकलापहरुको वर्णन गर्न<br>• शब्दार्थ शिक्षण र यसका कार्यकलापहरु प्रस्तुत गर्न<br>• शब्द भण्डार शिक्षण र यसका कार्यकलापहरुको चर्चा गर्न<br>• व्याकरण शिक्षणका प्रमुख विधिहरु र यिनका प्रमुख कार्यकलापहरुको चर्चा गर्न<br>• वर्णनात्मक र शैक्षणिक व्याकरणको अवधारणामाथि प्रकाश पार्न<br>• कार्यमूलक, सम्प्रेषणात्मक तथा रचनामुखी व्याकरणको अवधारणा बताउन<br>• व्याकरण शिक्षणमा कार्यमूलक तथा रचनामुखी कार्यकलापहरु बताउन<br>• वर्ण विन्यास शिक्षण र यसका कार्यकलापहरुको वर्णन गर्न<br>• विद्यार्थीका सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमतामा देखिने कमजोरी पहिचान र तिनको निराकरणका उपायहरु बताउन | **एकाइ चार : भाषिक सिप शिक्षण (१८)**<br>४.१ सुनाइ र बोलाइ शिक्षण र यिनका विविध कार्यकलाप<br>४.२ उच्चारण, सस्वर पठन, मौन पठन, पठन बोध, द्रुत पठन शिक्षण र यिनका कार्यकलाप<br>४.३ लेखन शिक्षण र यसका आभ्यासिक, स्वतन्त्र र सिर्जनात्मक कार्यकलाप<br>४.४ शब्दार्थ शिक्षण र यसका कार्यकलाप<br>४.५ शब्द भण्डार शिक्षण र यसका कार्यकलाप<br>४.६ व्याकरण शिक्षणका प्रमुख विधिहरु र यिनका प्रमुख कार्यकलाप<br>(क) वर्णनात्मक र शैक्षणिक व्याकरण<br>(ख) व्याकरण शिक्षणमा कार्यमूलक, सम्प्रेषणात्मक तथा रचनामुखी कार्यकलाप<br>४.७ वर्ण विन्यास शिक्षण र यसका कार्यकलाप<br>४.८ विद्यार्थीका सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमतामा देखिने कमजोरी पहिचान र तिनको निराकरणका उपाय |
| • भाषा र साहित्य शिक्षणको प्रयोजनगत भिन्नता बताउन<br>• पाठ्यपुस्तकमा प्रयोग भएका साहित्यिक र साहित्येतर विधा (कविता, कथा/उपन्यास, निबन्ध, रूपक, जीवनी आदि) भाषिक सिपगत प्रयोजन र त्यस अनुरूपका कार्यकलापको चर्चा गर्न<br>• व्यावहारिक लेखन (चिठी, निवेदन आदि) शिक्षण र यिनका कार्यकलापहरु उल्लेख गर्न | **एकाइ पाँच : विधा शिक्षणका प्रयोजन (५)**<br>५.१ भाषा र साहित्य शिक्षणको प्रयोजनगत भिन्नता<br>५.२ पाठ्यपुस्तकमा प्रयोग भएका साहित्यिक र साहित्येतर विधा (कविता, कथा/उपन्यास, निबन्ध, रूपक, जीवनी आदि) को भाषिक सिपगत प्रयोजन र त्यस अनुरूपका कार्यकलाप<br>५.३ व्यावहारिक लेखन (चिठी, निवेदन आदि) शिक्षण र यिनका कार्यकलाप |
| • भाषा शिक्षणका लागि श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीहरुको उपयोगिता र तिनको प्रयोग विधि बताउन<br>• पूरक सामग्रीको प्रयोजन र उपयोगबारे चर्चा गर्न | **एकाइ छ : शैक्षणिक सामग्री निर्माण र प्रयोग (५)**<br>६.१ भाषा शिक्षणमा उपयोगी शैक्षिक सामग्री : श्रव्य, दृश्य र श्रव्यदृश्य |

| | |
|---|---|
| • भाषा शिक्षण र कक्षाकोठामा सूचना प्रविधि उपयोगको सम्भावना देखाउन<br>• भाषा शिक्षणका लागि सामग्री पहिचान, सूचना सञ्जालबाट तिनको खोज र कक्षाकोठामा उपयोगबारे प्रकाश पार्न<br>• नेपाली भाषा शिक्षणका लागि उपयोगी सामग्री निर्माण र प्रयोग गर्न | ६.२ पूरक सामग्रीको प्रयोजन र उपयोग<br>६.३ भाषा शिक्षणमा सूचना प्रविधिको उपयोग<br>(क) कक्षाकोठामा सूचना प्रविधि उपयोगको सम्भावना<br>(ख) सामग्री पहिचान, सूचना सञ्जालबाट तिनको खोज र कक्षाकोठामा उपयोग<br>६.४ नेपाली भाषा शिक्षणका लागि उपयोगी सामग्री निर्माण र प्रयोग अभ्यास |

## ४. शिक्षण प्रक्रिया

प्रत्येक एकाइको शिक्षणमा आवश्यकता अनुसार साधारण र विशिष्ट शिक्षण प्रविधिको उपयोग गरिने छ । यो पाठ्यांश शिक्षण गर्न शिक्षकले प्रयोग गर्ने तौरतरिकालाई साधारण शिक्षण प्रक्रिया, अनि विद्यार्थी कार्यकलापमा आधारित शिक्षण प्रक्रियालाई विशिष्ट शिक्षण प्रक्रिया अन्तर्गत राखिएको छ ।

### ४.१ साधारण शिक्षण प्रक्रिया

हरेक एकाइको प्रकृति अनुरूप व्याख्या, छलफल, प्रश्नोत्तर, स्लाइड प्रस्तुति, कक्षा प्रस्तुति आदिको उपयोग गरिने छ । यस क्रममा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, सहायक पुस्तक, विषयवस्तु टिपोटपत्र, चित्र, तालिका र आरेखहरुको उपयोग गरिने छ ।

### ४.२ विशिष्ट शिक्षण प्रक्रिया

| एकाइ | कार्यकलाप |
|---|---|
| १ | • पहिलो भाषा र दोस्रो भाषा सिकाइ विशेषताहरु सूचीबद्ध गरी कक्षामा छलफल गराउने<br>• एकभाषिकता, द्विभाषिकता/बहुभाषिकताका प्रकृतिबारे कक्षा छलफल गराउने |
| २ | • समूह विभाजन गरी भाषा शिक्षणको परम्परागत दृष्टिकोण, सुधारका प्रयत्न र वर्तमान स्थितिबारे छलफल गराउने |
| ३ | • वैयक्तिक कार्यका रूपमा भाषा शिक्षणका विभिन्न पद्धतिहरुका बारेमा टिपोट र कक्षामा प्रस्तुत गर्न लगाउने |
| ४ | • एकाइमा समाविष्ट विषयवस्तु शिक्षण कार्यकलापबारे व्यक्तिगत तथा सामूहिक रूपमा प्रस्तुति गर्न लगाउने |
| ५ | • साहित्यका विभिन्न विधाहरुको शिक्षण गर्नुका विशिष्ट प्रयोजनहरु पहिचान गरी टिपोट र प्रस्तुति गर्न लगाउने |
| ६ | • अनलाइन स्रोतको समेत उपयोग गरी विभिन्न प्रकारका शैक्षिक सामग्रीहरुको निर्माण र कक्षा प्रस्तुति गर्न लगाउने<br>• नेपाली भाषा शिक्षणमा उपयोगी सामग्रीहरुको निर्माण र प्रयोगको अभ्यास गर्न लगाउने । |

## ५. मूल्याङ्कन प्रक्रिया

शिक्षण सिकाइका क्रममा पाठ्यवस्तुको प्रकृति अनुसार लिखित तथा मौखिक प्रस्तुति, व्यक्तिगत तथा सामूहिक
कार्य, परियोजना कार्य आदिबाट मूल्याङ्कन गर्न सकिने छ । यस प्रकारको मूल्याङ्कन विद्यार्थीहरुलाई पृष्ठपोषण प्रदान गर्न उपयोग गरिने छ । यस पाठ्यांशको अन्तिम मूल्याङ्कन सुदूरपश्चिम विश्वविद्यालयबाट निर्धारित सत्रान्त परीक्षा प्रणाली अनुसार लिखित परीक्षाका माध्यमबाट गरिने छ । तसर्थ मूल्याङ्कन प्रक्रिया क) आन्तरिक मूल्याङ्कन (ख) बाह्य मूल्याङ्कन गरी दुई किसिमको हुने छ ।

**(क) आन्तरिक मूल्याङ्कन**

यस पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत अङ्कभार छुट्याइएको छ । निम्नानुसारका आधारहरू अपनाई प्रायोगिक तबरबाट विषय शिक्षकले आन्तरिक मूल्याङ्कन गर्नुपर्ने छ :

| | |
|---|---|
| उपस्थिति | - ५ अङ्क |
| शिक्षण सिकाइमा सहभागिता | - ५ अङ्क |
| पहिलो आन्तरिक परीक्षा | - १० अङ्क |
| दोस्रो आन्तरिक परीक्षा | - १० अङ्क |
| तेस्रो आन्तरिक परीक्षा | - १० अङ्क |

पहिलो आन्तरिक परीक्षाका लागि विषय शिक्षकले व्यक्तिगत कार्यका रूपमा विषयवस्तु समीक्षा, पुनरावलोकन आदिका साथै खास शीर्षकमा आधारित अध्ययन पत्र तयारी, परियोजनामूलक कार्य, एकाइ परीक्षा, ज्ञान/प्रतिभा परीक्षण आदि गराउन सक्ने छन् ।

दोस्रो आन्तरिक परीक्षाका लागि विषय शिक्षकले व्यक्तिगत वा सामूहिक रूपमा परियोजना कार्य, अवस्था/घटना अध्ययन, गोष्ठीपत्र लेखन र प्रस्तुति, क्षेत्रकार्य र त्यसको प्रस्तुति, प्रतिवेदन लेखन, अध्ययनपत्र लेखन, सामग्रीको समीक्षा वा पुनरावलोकन, अभिलेखीकरण आदि गराउन सक्ने छन् ।

तेस्रो आन्तरिक परीक्षाका लागि विषय शिक्षकको सक्रियतामा ३० पूर्णाङ्कको आन्तरिक सुधार परीक्षा लिई त्यसलाई १० अङ्कमा रूपान्तर गरेर अभिलेख राखिने छ ।

**(ख) बाह्य मूल्याङ्कन**

यस पाठ्यक्रममा बाह्य मूल्याङ्कनका लागि ६०% अङ्कभार छुट्याइएको छ । उक्त मूल्याङ्कनका लागि सत्रान्तमा परीक्षा लिइने छ । सत्रान्त परीक्षामा सोधिने प्रश्नको प्रकृति, प्रश्नको ढाँचा र त्यसको अङ्कभार निम्नानुसार निर्धारण गरिएको छ :

| प्रश्नको प्रकृति | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|
| समूह 'क' : बहुवैकल्पिक प्रश्न | १० | १०×१ | १० अङ्क |
| समूह 'ख' : छोटा उत्तरात्मक प्रश्न | २ विकल्पसहित ६ प्रश्न | ६×५ | ३० अङ्क |
| समूह 'ग' : लामो उत्तरात्मक प्रश्न | १ विकल्पसहित २ प्रश्न | २×१० | २० अङ्क |

## ६. उपस्थिति र कक्षा सहभागिता

(क) सेमेस्टर प्रणालीमा ८० प्रतिशत उपस्थिति आवश्यक हुने छ ।
८० प्रतिशत उपस्थिति हुने विद्यार्थीलाई ३ अङ्क र ९० सम्मलाई ४ अङ्क र सोभन्दा माथि उपस्थित हुने विद्यार्थीलाई ५ अङ्क प्रदान गरिने छ ।
(ख) विषय शिक्षकले कक्षा विद्यार्थीको कक्षा कार्यकलापको मूल्याङ्कन गरी कक्षा सहभागिताको अङ्क प्रदान गर्ने छन् ।

## ७. सिफारिस गरिएका पुस्तक तथा सन्दर्भ सामग्रीहरु

अधिकारी, हेमाङ्गराज, (२०६७ ), *नेपाली भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* (पाचौं संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* (छैटौँ संस्क.) विद्यार्थी पुस्तक भण्डार ।
अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (छैटौँ संस्क.), रत्न पुस्तक भण्डार ।
खनिया, बुद्धराज (२०८०), *नेपाली भाषा शिक्षण,* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।
घिमिरे, दिनेश (२०७७), *भाषिक विधा शिक्षण : प्रयोजन र प्रक्रिया,* इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।
नेपाल सरकार (विभिन्न समयका), *आधारभूत तथा माध्यमिक शिक्षा नेपाली विषयका भाषा पाठ्यक्रमहरु,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
नेपाल सरकार (विभिन्न समयका), *विद्यालय तहका विभिन्न कक्षाका नेपाली पाठ्यपुस्तकहरु,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
पाण्डेय, राम शकल (सन् १९७६), *हिन्दी शिक्षण,* विनोद पुस्तक भण्डार ।
पौडेल, माधवप्रसाद (२०७०), *भाषिक परीक्षण,* विद्यार्थी पुस्तक भण्डार ।
पौडेल, माधवप्रसाद (२०६७), *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।
मङ्गल, उमा (सन् २००३), *हिन्दी शिक्षण,* आर्क बुक डिपो ।
शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* न्यु हिरा बुक्स ।
शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७४), *नेपाली भाषाशिक्षणका सन्दर्भहरु,* विद्यार्थी पुस्तक भण्डार ।
श्रीवास्तव, रवीन्द्रनाथ (सन् १९९६), *भाषा शिक्षण,* नई दिल्ली : दि मैकमिलन कम्पनी अफ इन्डिया लिमिटेड ।
Alderson, J. (2000). *Assessing reading*, Cambridge University Press.
Brown, H. D. (2007). *Teaching by principles: An interactive approach to language pedagogy* (2nd ed.). Pearson.
Carter, R., & Long, M. N. (1991). *Teaching Literature*. Longman.
Chaudron, C. (1988). *Second language classrooms: Research on teaching and learning*. Cambridge Press. https://doi.org/10.1017/CBO9781139524469
Halliday, M. A. (1964). *The linguistic sciences and language teaching.* Longman.
Harmer (2003). *The Practice of English Language Teaching*. Longman.
Lado, R.. (1964). *Language Teaching: A Scientific Approach.* McGraw-Hill.
Lazar, Gillian (1993). *Literature and language Teaching: A guide for teachers and trainers*, Cambridge University press.
Nunan, D. (1998). *Language teaching methodology*. Prentice hall.
*Peny, R. (1996). A course in English language teaching*. Cambridge University Press.
Richards, J., & Rhodes, T. (1985). *Approaches and methods in language teaching*. Cambridge university press.